"सबै नेपालीहरु प्रभुमा बाँचुन्, परमेश्वरको ज्ञानमा बढून्, र महान आज्ञा पूरा गर्न मिशनको कार्यमा सहभागी होऊन्"

# बप्तिस भ्वाईस

The Baptist Voice

वर्ष ५ अंक २ | त्रैमासिक पत्रिका | अप्रिल-जुन, २०१५

## महाभुकम्पपछि राहत वितरणका गतिविधिहरु




जस्तापाता वितरण गरिदै ।



घुम्ति स्वस्थ्य शिविरमा जाँच स्वस्थ्य गरिदै

मिति २०७२ वैशाख १२ गते गएको ७.८ रिक्टर स्केलको आमविनासकारी भुकम्प र त्यसपछीका लगातारको पराकम्पनहरुले नेपालको अधिकांस स्थानहरुमा ठूलो क्षती पुऱ्याएको थियो । उक्त विपदले अत्यधिक प्रभावित ठाउँहरु मध्ये गोरखा, दोलखा, सिन्धुपालचोक, काभ्रेपलानचोक, रसुवा जिल्ला रहेका छन् । नेपाल सरकारको तथ्यांक अनुसार (आषाढ २९ गतेसम्मको उक्त विपदको कारण हालसम्म ८,८९७ जनाको मृत्यू भएको छ, २२,३०९ जना घाईते भएका छन्, ६०२,२५७ घरहरु ध्वस्त भएका छन् साथै २८५,०९९ घरहरु प्रभावित भएका छन् । यस विपदबाट लगभग ८५ लाख मानिसहरु प्रभावित भएकाछन् । जसको कारण देशभरी नै मानिसहरुले आफ्नो आफन्त तथा परिवार गुमाएका छन् र हजारौ मानिसहरु खाद्यन्न, आवास तथा स्वास्थ्य सम्बन्धी सेवाको अत्यन्तै आवाश्यकतामा परेका छन् ।

उक्त विपदको घटना पश्चात नेपाल बप्तिस मण्डली परिषद् र यसको सामाजिक विभाग बहुउद्धेश्यीय सामुदायीक विकास सेवाले तत्काल आवश्यकताको सम्बोधन गर्ने हेतुले पा. नारायण प्रसाद राईको संयोजकत्वमा डिजास्टर रेस्पोन्स कमिटि गठन गऱ्यो । प्रभावित परिवारहरुलाई आपत्कालिन राहतको व्यवस्थाको लागि विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय साझेदारहरु तथा शुभचिन्तकहरुसँग मिलेर विपद प्रतिउत्तर कार्यक्रम ललितपुरको मानीखेल, बुखेल, चौघरे, संखु गा.वि.स.हरु, गोरखा, लम्जुङ्ग, काभ्रेपलानचोक, नुवाकोट, काठमाडौं तथा दोलखा जिल्लाहरुका विभिन्न स्थानहरुमा सञ्चालन गरेको थियो । जस अन्तर्गत आवास व्यवस्थाको लागि त्रिपाल, जस्तापाता, स्वास्थ्य सेवा अन्तर्गत निःशुल्क घुम्ति स्वस्थ्य शिविर, सरसफाईको सामाग्री वितरण, खाद्यन्न सामाग्रीहरु तथा गैर खाद्यन्न सामाग्री अन्तर्गत किचन सेट, कम्बल, प्लास्टिक बाल्टिन तथा जेरीकेनहरु वितरण गरिएको थियो ।

राहत तथा पुनस्थापना परियोजना अन्तर्गत विभिन्न साझेदार तथा शुभचिन्तकहरुबाट वित्तीय तथा मानव शंसाधन स्रोतका सहायता गरेका थिए । जसमा सहकार्य गर्ने साझेदारहरु BWA, BMS, TAI, ABC-IM, APBAid, MBC, CHREST, Methodist CAC Church, BWA, World Venture, Foreningen Julius, Living Water of La Pine, GTBC, Gwancheon Gamli Church, FCBC, FBC, Samaritan Purse, Baptist 24 Rescue Team (Hungary & Carolina) and World Renew, स्थानीय समुदायहरु तथा व्यक्तिहरु, स्थानीय मण्डली र सामुदायका अगुवाहरु, नेपाल सरकारका विभिन्न निकायहरु तथा सुरक्षा विभागहरु जसले सर्वेक्षण तथा राहत वितरण लगायतका समयहरुमा सहयता र सुरक्षा दिनुभएको थियो ।




सरसफाई सामाग्री वितरण गरिदै ।



त्रिपाल वितरण गरिदै ।



स्थानीय मानिस राहत सामाग्री लिदै ।



राहत सामाग्री तयार गरिदै ।

बाँकी पृ.नं. ३

# सम्पादकीय

भनिन्छ विपत्ती ढोल बजाएर आउँदैन। कति विपत्ती मानवीय हुन्छन्-युद्ध, रोग, आदि दर कति प्रकृतिक-आँधीहुरी, खडेरी, बाढीपहिरा, आदि। नेपालमा ८२ वर्षपछि ठुलो प्राकृतिक विपत्ती आइलाग्यो-भुकम्प। २०७२ बैशाख १२ गते शनिवार दिउँसोको १२ बज्नै लाग्दा गोरखाको बारपाकमा केन्द्रविन्दु बनाई विनाशकारी भुकम्प गएको थियो। यसले देशको विभिन्न जिल्लाहरुका लाखौ घरहरु ध्वस्त र बस्तीहरु उजाड बनायो भने आठ हजारभन्दा बढि मानिसहरु मारिए र २० हजार भन्दा धेरै घाइते भए।

यो कहाँ कहिले कतिखेर आउँछ भन्नेकुरा कुनै लाई थाहा छैन। आखिर विपत्ती विपत्ती नै हो यसले भौतिक तथा मानव क्षतिको साथसाथै मानसिकरुपमा पनि पिडित बनाउँछ। यस भूकम्पले के धनी-गरिब, के शहर-गाँउ कसै लाई अछुतो राखेन। सबै नेपालीहरुलाई यस विपत्तीले दुखी तुल्याएको छ। यस घडीमा आवश्यकतामा परेकाहरुको लागी विभिन्न तवरले सहायता गर्न विभिन्न देश, संस्था, समुदायहरु उद्धार र सहायतामा अग्रसर भए।

खाँचो अभाव अप्ठ्यारो समस्यामा परेकाहरुलाई सेवा गर्नु ख्रीष्ट येशूको शिक्षा र आज्ञा हो अनि हरेक इसाईको कर्तव्य पनि। नेपाल बप्तिस मण्डली परिषद् र यसको सामाजिक विभाग बहुउद्धेश्यीय सामुदायीक विकास सेवाले तत्काल आवश्यकताको सम्बोधन गर्नैपर्छ भन्ने हेतुले डिजास्टर रेस्पोन्स कमिटि खडा गऱ्यो। यसले भुकम्प प्रभावित जिल्लाहरु गोरखा, ललितपुर, दोलखा, सिन्धुपाल्चोक, नुवाकोट र काभ्रेमा मण्डली आधारित गरि समुदायमा प्रत्यक्ष सहभागी भइ राहतको कार्यहरु गऱ्यो। गरिरहेको छ। बप्तिस अलाइन्स, फेडेरेसन र विभिन्न मण्डलीहरु पनि यस कार्यमा संग्लन रहे। मानिसहरुले यस विपत्तीलाई जे जसरी लिए पनि यो दुखदायी घटना हो नै र पनि यो एउटा ठुलो अवसर पनि हो विशेष त इसाईहरुलाई लागि। कमजोर विश्वास भएकाहरुको लागि ख्रीष्टमा दह्रिलो हुन, अझै परमेश्वरसँग नजिक रहन, सहायता, प्रेम र वास्ता गर्ने हृदय वृद्धि हुन, विभिन्न जाति तथा समुदायसँग निकट रहन र ख्रीष्टको प्रेम अनुभुति गर्न। यसर्थ यी विपत्तीहरुमा परमेश्वरले हामी सबैलाई सुरक्षा, शान्ति अनि सेवा गर्ने अवसर, सहकार्य गर्ने मण्डली र संस्था दिनु भएकोमा हृदयबाट धन्यवाद। साथै विपत्तीमा परेका मानिसहरुको निम्ति जीवित परमेश्वरको प्रेमलाई चिन्न सक्ने हृदय, घटनालाई सामना गर्ने सक्ने शक्ति र तपाईको शान्ति उनीहरुसँग र यो देशमा सदा रहेको होस् भनी प्रार्थना गर्दछौं। निरन्तर गरौं।

## माम्लिङ्गदेखि अमेरिकासम्म विमोचन



सन् २०१५, जुन २८ तारिखका दिन पा. प्रकाश मेघि गुरुङ्गको जीवन भोगाइ र सेवकाईका अनुभवहरुलाई समेटिएर लेखिएको पुस्तक "माम्लिङ्गदेखि अमेरिकासम्म" हिमालयन बप्तिस मण्डली, मेरिल्याण्ड, अमेरिकामा विमोचन गरिएकोछ। उक्त पुस्तकको विमोचन श्रीमति डोना वास्लेत, डा. रोबर्ट किम र पा. अर्जुन गुरुङ्ग ज्यूको संयुक्त बाहुलिद्वारा गरिएको थियो। उक्त पुस्तक नेपाली र अंग्रेजी दुबै भाषामा उपलब्ध छ। यस पुस्तकका लेखक स्वयं पा. गुरुङ्ग हुनुहुन्छ भने संकलक पा. दिपकराज राई रहनुभएको छ। यस पुस्तकमा पाठकहरुले पा. गुरुङ्गको माम्लिङ्ग गाउँदेखि अमेरिकासम्मको यात्राको अनुभव मात्र नभई श्रापबाट आशिष र उन्नतीको अनुभव पनि गर्न पाउनेछन्। उक्त कार्यक्रममा पा. गुरुङ्गले नेपाल बप्तिस मण्डली परिषद्मा पुऱ्याउनुभएको योगदानलाई कदर गर्दै परिषद्का प्रतिनिधि पा. दिपकराज राईज्यूले सम्मान पत्र पनि उहाँलाई प्रदान गर्नुभएको थियो।

## "शान्ति" THE PEACE

जयमसीह !

"अशान्तिमा जीउँनेहरु ख्रीष्टले तिमीलाई खोजीरहेछन्, अशान्तिमा शान्ति दिन बोलाईरहेछन्" भनेर हामी भजन गाउँने गर्दछौं। आज संसारमा अशान्तिले जरा गाडेको र मानिसहरुको मनमा अनेकौ दु:ख, पिडा, व्यथा र अशान्तिले भरिएको बेला परमेवश्र भन्नु हुन्छ, "शान्ति म तिमीहरुसँग छोडि राख्छु" (यहुन्ना १४:२७)। जुन शान्ति परमेश्वरले हामीसँग छोडिदिनु भएको छ त्यो शान्ति (Peace) आज पनि हामीसँग छ। त्यसलाई सम्झना दिलाउनको लागि हामीलाई अंग्रेजी पाँच अक्षरहरु P.E.A.C.E ले सहायता गर्नेछ। ति अक्षरहरुलाई हामी पाँच भागमा विभाजित गरी भिन्न तरीकाबाट हेर्ने छौ।

१. P-Prayer (प्रार्थना गर्नु): रोमी १२:१२, हामीलाई थाहा छ हामी ईसाईहरुको मुख्य हतियार भनेको नै प्रार्थना हो, प्रार्थना विना हामी केही पनि गर्न सक्दैनौ। "निरन्तर प्रार्थना गरी रहो" (१ थिस्लोनीकी ५:१७) र प्रार्थना भनेको परमेश्वरसँग कुराकानी गर्नु हो। त्यसैले हामी प्रार्थनामा समय बिताउनु पर्दछ, हामीले परमेश्वरसँग माग्नु पर्दछ। "माग त तिमीहरुलाई दिइनेछ," (मत्ती ७:७) हामीले जबसम्म माग्दैनौ हामी पाउँन सक्दैनौं। हो हाम्रो मनको कुराहरु परमेश्वर जान्नुहुन्छ तर हामीले उहाँसँग मागेको परमेश्वर चाहनुहुन्छ, त्यसैले हामीले उहाँसँग माग्नु पर्दछ। परमेश्वर भन्नु हुन्छ "मसँग माग र म जातिहरुलाई तिम्रो उत्तराधिकार तुल्याईदिन्छु, र समस्त पृथ्वी तिम्रो निजी सम्पत्ति तुल्याई दिन्छु" (भजनसंग्रह १:८) हामीले विश्वाससाथ माग्नु पर्दछ र उहाँले हामीलाई दिनुहुन्छ। हामीलाई थाहा छ "मानिसलाई स्वर्गबाट नदिइएसम्म त्यसले कुनै कुरा पाउँदैन" (यहुन्ना ३:२७) परमेश्वरले हामीलाई दिनुहुन्छ तर हामीले माग्नु चाँही पर्दछ वा प्रार्थना गर्नु पर्दछ।

२. E-Expect (आशा गर्नु): रोमी ४:१८, मानिसहरु भन्ने गर्दछन् जबसम्म श्वास रहन्छ तब सम्म आशा पनि रहन्छ। बाईबलले भन्छ "हे परमेश्वरमा आशा राख्ने सबै जना हो, शाक्तिशाली होओ अनी ढाडस गर" (भजनसंग्रह ३१:२४)। हामी खिष्टीयनहरु भनेको परमेश्वरमा आशा राख्ने र आशामा जिउँने मानिसहरु हौं। हामी परमेश्वरसँग प्रार्थना गर्नु पर्दछ र उहाँमा आशावादी हुनुपर्दछ। धेरै पल्ट हामी परमेश्वरसँग माग्छौ प्रार्थना गर्छौं र तुरुन्तै उत्तर खोज्छौं तर हामी बिर्सन्छौं कि परमेश्वरले उहाँको आफ्नो समयमा हाम्रो प्रार्थनाको उत्तर दिनु हुन्छ भनेर। अनि हामी आफैले आफैलाई निराश बनाउन पुग्दछौं, तर हामी अब्राहाम जस्तै हुनुपर्दछ। जसरी "आशा पटकै नहुदाँ पनि अब्राहामले आशा राखी विश्वास गरे र यसरी उनी धेरै जातीहरुका पिता बने" (रोमी ४:१८)। त्यसै गरी यदी हामीले पनि प्रार्थना गरेर परमेश्वरमा आशा राख्यौ भने हामी पनि यस संसारको मानिसहरुको निम्ति आशिषको मुल बन्न सक्छौ र बन्नु पर्दछ।

३. A-Accept (स्वीकार गर्नु): उत्पत्ति २२:१-१२, स्वीकार गर्नु भनेको मानिलिनु वा सहमती हुनु हो। जीवनमा यस्ता स्वीकार र अस्वीकार गर्ने धेरै कुराहरु आउँछन। मान्छेहरु भन्ने गर्छन् "जीवन एउटा यात्रा हो।" त्यसै ले हामीहरु जीवनको हिड्ने क्रममा धेरै बाटोहरु हिड्नु पर्दछ। कुनै बाटो सजिलो त कुनै अप्ठ्यारो, कुनै छोटो त कुनै लामो, कही उकालो त कतै ओरालो जे जस्तै भएपनि हामी हिड्नै पर्छ र स्वीकार गर्नै पर्दछ। जसरी अब्राहामले आफ्नो एक मात्र पुत्र जसलाई उसले औधी माया गरेको थियो र परमेश्वरले मोरीयाहको देशमा उसलाई होमबली गर् भन्दा अब्राहामले स्वीकार गरे (उत्पति २२:२)। उसको लागि त्यो गर्नु एकदमै गाह्रो थियो तर उसले स्वीकार गऱ्यो। जसरी परमेश्वरले अब्राहामलाई उसको बुढेसकालको साहारा आफ्नो छोरालाई बलीका लागी माग्नु भो त्यसरी नै आज तपाईहरुको पनि कसैको आफ्नो जीवन, आफ्नो छोराछोरीलाई परमेश्वरले उहाँको राज्य विस्तार गर्नको लागी र उहाँको महिमाको लागी माग्दै हुनुहुन्छ भने अस्वीकर नगर्नुहोस नभए योना जस्तै हुनुहोला। जसरी योना तीन दिन तीन रात माछाको पेटमा बस्नुपऱ्यो। होसीयार तपाईले पनि परमेश्वरको बोलावटलाई अस्वीकार गर्नुभयो भने तपाईको पनि हालत योनाको जस्तै नहोला भन्न सकिन्न। त्यसैले यदी परमेश्वरले कुनै ठाउँको लगि वा कुनै ठाउँमा उहाँको सेवाकाई गर्नलाई बोलाउनु हुदैछ भने स्वीकार गर्नुहोस।

४. C-Choose (छान्नु/रोज्नु): मत्ती १०:३८-३९, हामीलाई थाहा छ, हाम्रो जीवनमा अनेकौ कुराहरु आइपर्दछन्। राम्रा, नराम्रा, सजिलो, असजिलो परमेश्वरको महिमा हुने नहुने आदि। यी सबै कुराहरुबाट हामीले छान्न जन्नु पर्दछ। परमेश्वरले हामी मानिसहरुलाई असल र खराब छुटाउन सक्ने ज्ञान वृद्वि दिनुभएको छ। जस्तै के गर्ने ? कहाँ जाने ? कुन बाटो जाने ? कुन लुगा लगाउने ? के खाने र के बोल्ने, हामीले सोच्नु पर्दछ, हामी परमेश्वरको पछि लाग्ने हो की अरु संसारिक कुराहरुलाई रोज्ने ? किनकी "जसले आफ्नो प्राण जोगाउँछ, त्यसले त्यो गुमाउनेछ, र आफ्नो प्राण मेरो निम्ति गुमाउनेले त्यो बचाउने छ" (मत्ती १०:३९)। त्यसैले हामीले ख्रीष्टको निम्ति आफ्नो प्राण जोगाउने हो की गुमाउने हो सोचौं। जसरी परमेश्वरले हाम्रो पापको खातिर क्रुसको मृत्युलाई रोज्नु भयो र हामीलाई जीवन दिनु भयो। त्यसैगरी हामीले पनि हाम्रो जीवनमा परमेश्वरको महिमा र प्रशंसा हुने बाटो रोज्नु पर्दछ र काम गर्नु पर्दछ।

५. E-Expose (प्रस्तुत गर्नु/देखाउँनु): प्रेरित १:८, जब हामीले हाम्रो जीवनमा परमेश्वर पितालाई आफ्नो प्रभु र मुक्तिदाता भनी ग्रहण गऱ्यौ, त्यस पछाडी हामीले धेरै कुराहरु पाएकाछौं। जुन हाम्रो ज्ञान, वुद्वि र समझशक्तिले प्राप्त गर्न सक्दैनौ न धन सम्पत्तिले किन्न सक्छौं जुन कुरा हो उदार र मुक्ति अनि अनन्त जीवन। हामीले जे कुरा पाएकाछौं त्यो अरुहरुलाई बताउनु हाम्रो काम हो। तपाई अनि मैले परमेश्वरलाई पाएकाछौं। परमेश्वरलाई चिनेकाछौं त्यसैले अरुहरुलाई पनि परमेश्वरको बारेमा बताउनु र चिनाउनु हाम्रो कर्तव्य हो। किनकी जुन दिन हामीले परमेश्वरलाई ग्रहण गऱ्यौं त्यही दिनबाट हामी परमेश्वरको साक्षीहरु भएका छौं। त्यसैले हामीले सुसमाचार सुनाउनु पर्दछ र "सबै देशका मानिसहरुलाई पिता, पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा दिनु पर्दछ" (मत्ती २८:१९)। "मैले तिमीहरुलाई यी कुरा यस हेतुले भनेको छु, कि ममा तिमीहरुलाई शान्ति होस्। संसारमा तिमीहरुलाई सङ्कष्ट हुनेछ, तर साहस गर, मैले संसारलाई जितेको छु" (यहुन्ना १६ :३३)।

आमेन

लेखक: दिनेश साम्पाङ राई (नेश)
सारालुङ्ग बाप्तिस मण्डली, खोटाङ्ग,
हाल:सिद्धिचरण नगरपालिका-४ ओखलढुङ्गा

## पुर्वाञ्चल क्षेत्रिय बप्तिस मण्डली संघका सूचना

पुर्वाञ्चल क्षेत्रिय बप्तिस मण्डली संघको पाँचौ अधिवेशन नोभेम्बर २४-२६, २०१५ (२०७२, मंसिर ८-१०)मा हुनुपर्ने थियो। यस अधिवेशनको जानकारी नेपाल बप्तिस मण्डली परिषद्को वार्षिक पात्रोमा पनि राखि सकिएकोछ। तर मिति जुन २३, २०१५ को कार्य समितिको निर्णय र परिषद् पधाधिकारीहरुको विशेष सरसल्लाह र सुझावमा वर्तमान कार्य समितिले निम्न कारणहरु खुलाई एक वर्षसम्म थप कार्यभार समाल्ने र अर्को निर्णय नभएसम्मको लागि पूर्व क्षेत्रको अधिवेशन नहुने जानकारी सम्पूर्ण मण्डली र संगतीहरुलाई गराउँदछौं।

कारणहरु:

१. परिषद्को महाधिवेशन हुनुभन्दा अगाडी कम्तिमा छ महिना अगावै विभाग तथा क्षेत्रहरुको अनिवार्य अधिवेशन हुनुपर्ने।

२ परिषद्को महाधिवेशन सन् २०१७ मा हुने निश्चित भएको हुँदा, यदी पूर्व क्षेत्रले अधिवेशन गरे सो कार्यकाल १८ महिना मात्र हुने र पुन: अधिवेशन सम्पन्न गर्न मण्डलीहरुलाई थप आय भार हुने।

महेन्द्र जंग साम्पाङ राई
कार्यकारी सचिव
पुर्वाञ्चल क्षेत्रिय बप्तिस मण्डली संघ

## नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न

सन् २०१५, मार्च ३० देखि अप्रिलको ३ तारिखसम्म नेपाल बप्तिस मण्डली परिषद्को मिशन विभाग र बुटवलका बप्तिस मण्डलीहरुको आयोजना र सि.बि.सि. ताइवानको सहयोगमा सैनामैना नगरपालिका मुर्गिया र बुटवल नगरपालिका देवीनगर-१३ मा नि:शुल्क स्वास्थ्य शिविरको आयोजना गरिएको थियो । उक्त स्वास्थ्य शिविरमा १०८५ जना विरामीहरुको नि:शुल्क स्वास्थ्य जाँच गरि आवश्वयक औषधी वितरण गरिएको थियो । जसमा मेडिकल विरामी ५९६ जना, दाँत सम्बन्धि उपचार ३८१ जना र शरीरको मसाज १०८ जना लाभान्वित भएका थिए ।



नि:शुल्क स्वास्थ्य शिविरमा जाँच गर्दै ।




स्वास्थ्य शिविरपछि सामुहिक तस्बिर खिचाउँदै ।

## अगुवापन तालिम सम्पन्न

सन् २०१५, मे १० र ११ तारिखका दिन ताप्लेजुङ्ग जिल्ला भरिका बप्तिस मण्डलीहरुको अगुवा तथा पाष्टरहरुका बिच दुई दिने अगुवापन तालिम सम्पन्न भएको थियो । उक्त तालिम पश्चात स्थानीय अगुवाहरुसँग बसि विभिन्न सेवाकाइका समस्य र विषयहरुमा छलफल गरिएको थियो साथै ताप्लेजुङ्ग जिल्ला बप्तिस एकता पनि गठन गएिको थियो । यसैगरि उदयपुर जिल्ला भरिका बप्तिस मण्डलीका अगुवा तथा पाष्टरहरु बिच सन् २०१५, अप्रिल २८ र २९ तारिखका दिन दुई दिने अगुवापन तालिम सम्पन्न भएको थियो । सो तालिममा मण्डली व्यावस्थापन र बप्तिस भिन्नताको बारेमा सिकाइएको थियो । उक्त तालिमको अवसर पारि उदयपूर जिल्ला वप्तिस एकता गठन गरिएको थियो ।



अगुवापन तालिम, ताप्लेजुङ्गका सहभागीहरु ।

## भुकम्प राहत वितरणका विस्तृत विवरण

| क.सं. | कार्यक्रम | विवरण | कार्यक्षेत्र | परिमाण | कैफियत | लाभान्वित संख्या |
|---|---|---|---|---|---|---|
| १ | राहत सहायता | त्रिपाल | मानिखेल, संखु, बुखेल, चौघरे र छम्पी | ५०० थान | MCDS परियोजना क्षेत्र | २७५० |
| | | त्रिपाल | प्रभावित क्षेत्र | ८१७ थान | विभिन्न प्रभावित क्षेत्र | ४४९५ |
| | | चिउरा | सानो गाउँ | ३०० केजी | ललितपुरका विभिन्न प्रभावित क्षेत्र | १६५० |
| | | दाल | " | १०० केजी | " | |
| | | कम्बल | मानिखेल, संखु, बुखेल, चौघरे र छम्पी | ६९४ थान | MCDS परियोजना क्षेत्र | ४९६० |
| | | किचन सेट | " | ३८३ सेट | " | |
| | | सरसफाई समाग्री सेट | " | ५४४ सेट | " | |
| | | चामल | मानिखेल, संखु, बुखेल | २१५ बोरा | " | |
| | | दाल | मानिखेल, संखु, बुखेल | ५४५ केजी | " | |
| | | प्लास्टि बाल्टिन | मानिखेल, संखु, बुखेल | ५३९ थान | " | |
| | | फिल्टर | मानिखेल, संखु, बुखेल | ५३ थान | "" | |
| | | जेरीकेन | मानिखेल, संखु, बुखेल | २१८ थान | | |
| | | जस्ता पाता (९ फिट) | चौघरे, छम्पी, मानिखेल र दोलखा | ७९८ बण्डल | प्रभावित क्षेत्र | ४३८९ |
| | | म्याट्रेस | दोलखा | २१० थान | प्रभावित क्षेत्र | ११५५ |
| २ | नि:शुल्क स्वास्थ शिविर | - | मानिखेल, बुखेल, संखु, गोरखा, काठमाडौं, दोलखा | २०१५ जना | प्रभावित क्षेत्र | २०१५ |

## आघात परामर्श तालिम सम्पन्न




विपत पुर्वतयारी र प्रतिकृया तालिमका सहभागीहरु ।

नेपाल बप्तिस मण्डली परिषद्को आयोजनामा सन् २०१५, मे २९ तारिख १ दिने आघात परापर्श तालिम सम्पन्न भएको थियो । लिभिङ्ग बप्तिस मण्डली नखिपोटमा सम्पन्न उक्त कार्यक्रममा परिषद्को सम्पूर्ण कर्मचारी, उपत्यकाका पास्टर, युवा तथा महिला अगुवाहरु गरि २६ जनाका सहभागीता रहेको थियो। BWAid का निर्देशक रोथाङ्ग छाङ्तेले आघात हुनुका कारणहरु, आघातका परिकार, आघातमा परेका मानिसहरुलाई कसरी परापर्श दिने, आदि विषयहरुमा प्रभावकारी तरिकाले सिकाउनुभएको थियो । यसैगरि परिषद् र सामाजिक विभाग बहुउद्देश्यीय सामुदायिक विकास सेवाको संयुक्त आयोजनामा सन् २०१५, जुन २२-२३ तारिखमा २ दिने विपत पुर्वतयारी र प्रतिकृया तालिम सम्पन्न भएको थियो । परिषद् र ब.सा.वि.से.का कर्मचारीहरु र केही अन्य सहभागी गरि जम्मा २२ जनाको सहभागीहरुको सहभागीता रहेको उक्त कार्यक्रममा क्रेष्ट, मलेसियाका एडवार्ड हिउले विपत सम्बन्धि: विपत र मण्डली, विपतका प्रकार र पुर्वतयारी, समुदायमा आधारित विपत जोखिम व्यवस्थापन, मानविय जवाफदेहिता, आदि वियषहरुमा सिकाउनुभएको थियो ।



अघात परामर्श तालिममा सहभागीहरु ।

## मण्डली भवन उद्घाटन तथा समर्पण

सन् २०१५, अप्रिल १२ तारिखका दिन धुपिजङ्ग बप्तिस झुण्ड, ताप्लेजुङ्ग संगति घोषणा गरिएको थियो । यसैगरि सन् २०१५ मे ११ तारिख नयाँ जीवन बप्तिस मण्डली, ताप्लेजुङ्ग र सन् २०१५, मे १७ तारिखका दिन अनुग्रह बप्तिस मण्डली, भोजपुर मण्डली घोषणा गरिएको थियो । सन् २०१५, मे १६ तारिखका दिन नमुना सुर्के बप्तिस मण्डली, भोजपुर मण्डली घोषणा गर्नुका साथै मण्डलीको नयाँ भवन उद्घाटन तथा समर्पण गरिएको थियो । यसै गरि सन् २०१५, अप्रिल २० तारिखका दिन मलुवा बप्तिस मण्डली, पाँचथर, मे १ तारिख बिर्तामोड वप्तिस मण्डली, झापा, मे ५ तारिख बेलबारी वप्तिस मण्डली, मोरङ्ग, जुन १ तारिख पवित्र वप्तिस मण्डली, मोरङ्ग र मे २९ तारिख धापाखेल बप्तिस मण्डली, ललितपुरको नयाँ मण्डली भवन उद्घाटन तथा समर्पण गरिएको थियो ।



मण्डली भवन उद्घाटन तथा समर्पण ।

# बहुउद्देश्यीय सामुदायिक विकास सेवा

नेपाल बप्तिस मण्डली परिषद्को सामाजिक सेवा विभाग

# आवश्यकता

बहुउद्देश्यीय सामुदायिक विकास सेवा एक गैर सरकारी संस्था हो। यो संस्था दर्ता ऐन, २०३४ बमोजिम नेपाल सरकारमा वि.सं. २०५१ मा दर्ता भई दर्ता नं. ०५१/०५२/७१ प्राप्त गरी देशका विभिन्न स्थानहरुमा सामुदायिक विकास सम्बन्धि कार्यक्रमहरुमा संलग्न छ। गरिब तथा सिमान्तकृत मानिसहरुको जीवनस्तर अभिबृद्धि गर्ने लक्ष्यका साथ विशेष गरीस्वास्थ्य तथा सरसफाई, वातावरण संरक्षण, शिक्षा, सामाजिक आर्थिक विकास, दिगो विकास कार्यक्रम, प्रकोप व्यवस्थापन जस्ता विकासका कार्यक्रमहरु यो संस्थाले संञ्चालन गर्दै आएको छ। यस संस्थाको मण्डलीमा आधारित सामुदायिक विकास कार्यकमको लागि कार्यकम संयोजक आवश्यक भएकोले योग्यता पुगेका उम्मेद्वारको लागि दरखास्त आव्हान गरिन्छ।

पद: कार्यकम संयोजक - १

कार्य स्थान: ललितपुर र उपत्यका बाहिरका जिल्लाहरुमा भ्रमण

आवश्यक योग्यता:

क. नेपाल बप्तिस मण्डली परिषद् अन्तर्गत रहेको एक बप्तिस सदस्य हुनुपर्नेछ।
ख. नेपाली नागरिक हुनुपर्नेछ।
ग. शैक्षिक योग्यता : स्नातक तह वा सो सरह।
घ. उमेर : २५ देखि ३५ वर्ष भित्रको।
ङ. ब.सा.वि.से.द्वारा निर्देशित ठाउँ (नेपाल बप्तिस मण्डली परिषद्मा आबद्ध मण्डलीहरु रहेको स्थानहरु) मा काम गर्न इच्छुक अथवा सक्षम हुनुपर्नेछ।
च. नेपाल बप्तिस मण्डली परिषद् तथा ब.सा.वि.से. को मुल्य मान्यता, दर्शन, ध्येय, लक्ष्य तथा उद्देश्य प्रति समर्पित हुनुपर्नेछ।
छ. कार्य अवधि भित्र आईपर्ने चुनौतिहरु साथै परिस्थितिहरुलाई समाञ्जयस गर्न सक्नेहुनुपर्नेछ।
ज. कम्प्यूटर ज्ञान (MS-Word, Excel and Power-point, Email/Internet) साथै नेपाली/अंग्रेजी टाइप गर्न सक्ने हुनुपर्नेछ।
झ. नेपाली तथा अंग्रेजी भाषामा दखल भएको हुनुपर्नेछ।

उक्त पदको लागि इच्छुक व्यक्तिहरुले बायोडाटा, हालसालै खिचेको पासपोर्ट फोटो, नेपाली नागरिकताको प्रतिलिपि, पास्टरको शिफारिस बप्तिष्मको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाण पत्र संलग्न गरि तल दिईएको ठेगानामा पठाउन सक्नुहुनेछ। प्रारम्भिक छनौटमा परेकाहरुलाई मात्र अर्न्तवार्ताको लागि सम्पर्क गरिनेछ।

**निवेदन आईपुग्नुपर्ने अन्तिम मिति : अगष्ट १७, २०१५/श्रावण ३२, २०७२**

---

## MULTIPURPOSE COMMUNITY DEVELOPMENT SERVICE (MCDS)

### VACANCY ANNOUNCEMENT

MCDS, a Christian NGO working in Community Health and Development Sector invites applications from qualified, experienced, energetic and dedicated candidates to serve in earthquake response and community development program.

Job Title: Community Development Facilitator-2

Duty Station: Kabhre VDC, Dolakha District-1 & Sankhu & Bukhel VDC, Lalitpur -1

Contract Type: Fixed Term

Key Responsibilities: Under the overall guidance and direction of the Project Officer, Community Development Facilitator works with and provides support to the members of the team in the development and implementation of project activities.

Required Qualification: Bachelor's Degree in Humanities, Social Science, Economics, and Development Studies or related to the field or Intermediate in Arts/Commerce with minimum of two years of experiences in community development project. The candidate must have good command in spoken and written English with medium computer skills.

Required Documents:

1. An application letter.
2. Bio Data and 2 passport size photos
3. Citizenship document
4. Recommendation letter from Pastor
5. Copies of academic certificates
6. Certificate of Baptism

All interested individuals who meet the minimum qualifications are encouraged to apply for the position. Only short listed candidates will be called for the interview.

Final date of application : 20 August 2015.

**सम्पर्क ठेगाना** : Multipurpose Community Development Service (MCDS)
P.O. Box 8975, EPC 1051, Kathmandu, Nepal
Contact No. 0977-01-2230245
Email ID : mcds.executivedirector@gmail.com